# नेपालमा काठजन्य वन व्यवस्थापन: छलफलका लागि सन्दर्भ तथा केही प्रश्नहरु

**प्रस्तुती**
हरिशरण लुइँटेल
नयाँ शर्मा पौडेल

## प्रस्तुतीका विषयवस्तु


- काठजन्य वन व्यवस्थापनको महत्व
- वन क्षेत्रको नीति बहसमा काठको स्थान
- वन अर्थतन्त्रमा परेको प्रभाव
- छलफलका लागि केही प्रश्नहरू

## सरकारी राजश्वमा वन क्षेत्र (काठ)को योगदान

- पहिलो पञ्च वर्षिय योजना (१९५६-१९६१) -१/३ राजश्व (५ लाख ६५ हजार)
- तेस्रो पञ्च वर्षिय योजना (१९६५-१९७०) - ९ करोड ३३ लाख (> १६५ गुना)
- आर्थिक वर्ष २००८/०९ - ५९ करोड २१ लाख

**सन् १९९० को दशकको अन्त्य देखि काठबाट सरकारी राजश्वमा उल्लेखनिय वृद्धिभएको छ।**

## आ.व. २००८/०९ को वन क्षेत्रको राजश्व विश्लेषण




- ९० प्रतिशत काठ
- ७ प्रतिशत गैह काष्ठ वन पैदावार
- ३ प्रतिशत खोटो

## राजश्वका स्रोत: विभिन्न वन पैदावारहरु

| क्र.सं. | वन पैदावार | | राजस्व (रु.) | |
|---|---|---|---|---|
| | | आ.व. १९९८-९९ | आ.व. २००२-०३ | आ.व. २००८-०९ |
| १. | काठ र दाउरा | १२९५८८२३६ | ४३७३८६४७७.५ | ३७५९१४३४३ |
| २. | खयर | उपलब्ध नभएको | ८१४४२६९.४६ | ७६१७८६३ |
| ३. | खोटो | उपलब्ध नभएको | ५३५८४८६.८ | १४३३६२४६ |
| ४. | गै.काष्ठ व. पै. | १६६४७९०४ | ६७३७७७२४८ | ३९३२९३६४ |
| ५. | ढुङ्गा, गिट्टी, बालुवा | उपलब्ध नभएको | उपलब्ध नभएको | ३८३३४२८३ |
| ६. | सा.व. (१५ प्रतिशत कर) | उपलब्ध नभएको | ५०१२२८८२ | ६५६९१००९३ |
| ७. | निजी मू.अ.यु | उपलब्ध नभएको | उपलब्ध नभएको | ५०८७८८६५ |
| | **जम्मा** | **१४६२३६१४०** | **५६८३८९३६३.८** | **५९२१०२०५७** |

**वन क्षेत्र राजश्वको स्रोतमा विविधिकरण भएता पनि मुख्य अंश काठकै**

## काठ उद्योग र रोजगारी

- करिब ४५०० काठजन्य उद्योग

  (करीब १ अरब २० करोड लगानी)

- १ लाख ५० हजार व्यक्ति रोजगार

  (प्लाइउड, कथ्था, स:मील, फर्निचर आदिमा)

- उल्लेखनीय व्यक्ति काठ कटानी र ढुवानीमा संग्लन किनकि यी कार्य अझै मानवीय जनशक्तीमा आधारित

## सामुदायिक वनको आम्दानी

- सा.व.उ.स.को ९०% आम्दानी काठबाट

  (१५ सा.व.उ.स. नवलपरासी, २०1० को अध्ययन)

- सा.व.उ.स.को ७०% आम्दानी काठबाट

  (जटिवुटीको धनि मानिने दोलखाको एक सा.व.उ.स., २००८को अध्ययन)

  (यो पनि कार्ययोजनाले निर्दिष्ट गरेकोमा ३०% मात्र कटान गरिएको)

- तनहुँमा गरिएको एक अध्ययनमा पनि यस्तै अवस्था देखिएको छ ।

## काठः वन शासनको केन्द्रविन्दु

- काठ केन्द्रित सरकारी नीति तथा प्रयास
  - काठ व्यापारका लागि काठमहलको स्थापना (सन् १९२७)
  - वन क्षेत्रमा नीति तथा संस्थागत विकास

    ( निजी वन राष्ट्रियकरण ऐन २०१३, पञ्च वर्षिय योजनाहरु, वन ऐन २०१८, टि.सी. एन् स्थापना, वन विभाग स्थापना, आदि)

## काठ: वन शासनको केन्द्रविन्दु

- सामुदायिक वनका उद्देश्यहरु: वनको राम्रो व्यवस्था, वनको अवस्थामा सुधार, जैविक विविधता संरक्षण, वातावरणीय सेवाको प्राप्ती, गैरकाष्ठ वन पैदावार व्यवस्थापन, आदि ।

तर

- सा.व.उ.स. र सरकारी वन निकायको सम्बन्ध: प्राय काठ कटानी, ढुवानी तथा विक्री वितरणमा केन्द्रित

  (यो सम्बन्ध पनि पेशागत तथा संस्थागत किसीमले सिमीत मात्रै छ। अनौपचारिक धेरै छ)

- जहां काठको कारोबार धेरै त्याहां सरकारी अनुगमन धेरै (औपचारिक र अनौपचारिक नियमन)

## काठ: वन शासनको केन्द्र विन्दु

ठूलो वन तथा ठूलो समूह

↓

सामुदायिक विकासका लागि धेरै महत्वकांक्षा तथा दबाब

↓

धेरै कटानीको आवश्यकता

↙ सरकारी निकायसँग समन्वय अन्तरक्रिया आवश्यक

↘ व्यक्तिगत सम्बन्ध बढाई अनाधिकृत कटानी बढ्ने सक्ने


**वास्तवमा काठ कटानी सम्बन्धीका सञ्चार र अन्तक्रियाहरुले नै सा.व.उ.स. र सरकारी वन निकायको सम्बन्धलाई प्रभावित पारेको हुन्छ।**

## काठ: वन शासनको केन्द्रविन्दु

- वन क्षेत्रका (सा.व.उ.स. तथा सरकारी निकाय) भ्रष्टाचार र अधिकार दुरुपयोगको धेरै मुद्दा काठ कटान र व्यापारसँग सम्बन्धीत
- ५ वटा अनुसन्धान आयोग (सन् २०१० मा मात्र): काठ कटानी र वन फडानीको मुद्दामा केन्द्रित
- धेरै सरोकारवालाको विमतीका बाबजुत (सन् २०११ म) काठ कटानमा प्रतिबन्ध: काठको बजार मुल्य ३.५ गुना आकासियो ।
- सा.व.उ.स महासंघको विमतीका बाबजुत सरकारी निकायको अनुगमन, मूल्यांकन र नियन्त्रण बढाउने उद्देश्य सहित वन ऐनमा संसोधनको प्रस्ताव; संसोधनका धेरैजसो प्रावधानहरु पनि काठ कटानी र व्यापारसँग सम्बन्धीत

## सरकार नीति र निर्णय

(२०४९ देखि २०६७ सम्म)




## काठ व्यवस्थापनका लागि बजेट

- सरकारी बजेटको ३% मात्र (वन विभाग २०१०)
- सन् २००९ मा दातृ संस्थाद्वारा सहयोग गरिएका वन परियोजना र कार्यक्रमहरु मध्ये १ वटाले मात्र सा.व. मा वन व्यवस्थापनमा खर्च गरेको छ। सो परियोजनाको कूल कार्यक्रम बजेटको १०% भन्दा कम मात्र वन विकाशमा खर्च गरेको पाइयो।
- वन क्षेत्रका परियोजना, अ.गै.स.स., गै.स.स. आदिको बजेट पनि प्रत्यक्ष रुपमा काठजन्य वनपैदावारको व्यवस्थापन तथा काठ व्यवसायमा छैन।

## छापामा काठ

२१५ वन सम्वन्धी खवर (कान्तीपुर, काठमाण्डौं पोष्टि र गोरखा पत्र- सन् २०१०)




**गैर कानुनी काठ कटान, अतिक्रमण, भ्रष्टाचार, आदि नकारात्मक कुराहरुको सूचना**

## आम धारणा

"रुख काठ काट्नु अपराध वा खराब काम हो"

प्रभाव: काठजन्य वन व्यवस्थापनमा अवरोध

## काठ किन राष्ट्रिय स्तरकाको वृहत्तर नीतिगत वहसको केन्द्रविन्दुमा परेन?

- हिमालय क्षयिकरणको सिद्धान्त (१९७६)
- अनुसन्धानहरुका केन्द्रविन्दु: वन विनाश
- दातृ संस्थाको सहयोग: वृक्षारोपण, जैविक विविधता संरक्षण, पारिस्थितिकीय प्रणाली संरक्षण, दिगो विकास आदि।
- अन्तरराष्ट्रिय सम्मेलनहरु - वातावरण केन्द्रीत विकाशमा जोड
- वन क्षेत्र (काठ)को उपयोग गरि गरिबी न्यूनिकरण तथा अर्थतन्त्रको विकास गर्ने कुरामा राजनीतिक इच्छा शक्तिको कमि

**राष्ट्रिय वन नीति वहस काठबाट टाढा पुग्यो**

## काठः वन शासनको केन्द्र विन्दु

| नीति निर्माणको प्रक्रियाहरु | गैर काष्ठ वन पैदावार, वातावरणीय सेवा तथा विकासका विषयहरु | उपल्लो तहका सरकारी कर्मचारी, दातृ संस्था, गै.स.स.का कार्यकर्ता अनुसन्धानकर्ता आदि |
|---|---|---|
| दैनिक अभ्यास | काठसँग सम्बन्धित कानुनी तथा गैर कानूनी क्रियाकलाप, व्यापार तथा अतिक्रमण | स्थानीय तहका वन कर्मचारी, काठ व्यापारी सा.व.उ.स पदाधिकारी |

काठलाई आम सरोकारवालाहरुको बीचमा हुने नीतिगत तहको छलफलमा नल्याइने

## परिणाम के हुँदैछ ?

- गरिवी न्यूनिकरणमा योगदान दिन सक्ने क्षेत्र (काठ व्यवस्थापन) ओझेलमा परेको छ जसले गर्दा ग्रामीण र वनमा आधारित गरीबीले निरन्तरता पाएको छ ।
- काठ व्यवसाय प्रतिस्पर्धी हुन सकेन र काठमा आधारित अर्थतन्त्र प्रभावकारी भएको छैन ।
- काठ ब्यवसायलाइ राज्य तथा समाजले उचित प्रोत्साहन गरेको छैन ।
- फर्निचर आयातबाट वर्षेनी करोडौं रुपैया विदेशिएको छ ।
- काठ उत्पादकले उचित मूल्य पाएका छैनन भने प्रयोगकर्ताले निकै महंगोमा खरिद गर्नु परेको छ ।

## छलफलका लागि केही प्रश्न

- के काठ व्यवस्थापनले राष्ट्रिय र स्थानीय अर्थतन्त्रमा उल्लेखनीय प्रभाव पार्दछ ? यसको योगदानलाई कसरी व्यवस्थीत गर्न, प्रभावकारी बनाउन तथा बढाउन सकिन्छ ?
- सरोकारवालाहरु बीच हुने नीतिगत तहको छलफलमा काठको विषयलाई कसरी मूल प्रवाहीकरण गर्न सकिन्छ ?
- काठ व्यवसायलाई कसरी मर्यादित र आकर्षक व्यवसायको रुपमा स्थापीत गर्न सकिन्छ ?

# धन्यवाद !